फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र. प्र.अः- ९८५२०८०६००

प.सं. २०७५।०७६ (क.प्र.)
च.नं.- ९९

मितिः-२०७५।०५।१३

## विषयः सूचना टांस गरी सो को जानकारी दिने बारे।

श्री वडा कार्यालय (सवै)
फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जनज्योती माध्यमिक विद्यालयमा नमुना अंग्रेजी माध्यम अध्यापन कार्यक्रम संचालनको लागि अंग्रेजी भाषा प्रशिक्षक आवश्यकता रहेको सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ । सो संवन्धमा उक्त सूचना आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी दिनु हुन जानकारी गरिन्छ ।

२०७५।५।१३

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री सूचना प्रविधि अधिकृत ज्यू, फेदाप गापा ।
(वेवसाइट तथा फेसवुक पेजमा अपलोड गरिदिनु हुन)

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

## अंग्रेजी भाषा प्रशिक्षक आवश्यकता संवन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०५।१३ गते )

फेदाप गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५/०५/११ गतेको निर्णयानुसार यस गाउँपालिकाको आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जनज्योती माध्यमिक विद्यालयमा नमुना अंग्रेजी माध्यम अध्यापन कार्यक्रम संचालन गर्नको लागि एक जना अंग्रेजी भाषा प्रशिक्षक आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दरखास्त आहान गरिएको छ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क सं | विज्ञापन नम्बर | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | ०१/२०७५-७६ | अंग्रेजी भाषा प्रशिक्षक | १ |

१. **दरखास्त दिने अन्तिम मितिः**- मिति २०७५/०५/२७ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र)
२. **दोव्वर दस्तुर तिरी दरखास्त दिने मितिः**- २०७५/०५/३० गते कार्यालय समय भित्र
३. **दरखास्त फारम पाउने स्थानः** फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट http://www.phedapmun.gov.np बाट Download गर्न सकिनेछ ।
४. **आवश्यक न्यूनतम योग्यताः**
   - मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्तीर्ण गरेको
   - कम्तिमा एक वर्ष सम्म अंग्रेजी माध्यमवाट अध्यापन वा कुनै पेशा व्वयसायमा संलग्न रही काम गरेको अनुभव भएको,
   - विद्यार्थीहरुको शिक्षण सिकाई कृयाकलापलाई रचनात्मक तरिकाले अंग्रेजी मैत्री बनाउन सक्ने सिप भएको
   - विद्यालयको समग्र वातावरणलाई अंग्रेजी मैत्री वनाउँदै विद्यार्थीको भर्ना दर बृद्धि गर्न सक्ने क्षमता भएको
५. **संलग्न गर्नु पर्ने कागजातहरुः** शैक्षिक योग्यताको प्रमाण पत्र, व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, कार्यानुभव, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
६. **दरखास्त दिने तरिकाः** बुँदा नं. ५ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. बुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको आर्थिक प्रशासन शाखा वा नेपाल बैंक लिमिटेड, तेह्रथुममा रहेको संचित कोष खाता नं. ०५४०३०००००००४००१०१२ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सबै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।
   (नोटः विदेशी वोर्डबाट उर्त्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)
७. **दस्तुरः** रु. ५००।- (पाँच सय)
८. **सेवा सुविधाः** संझौतामा उल्लेख भए बमोजिम
९. **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
१०. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
११. **थप जानकारीका लागिः**- सम्पर्क नं. ९८५२०८०६००, ९८४२३८००३६ र इमेलः fedap.ruralmun@gmail.com
१२. **नोटः** यस सूचनामा उल्लेख भए बाहेकका विषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२०७५/५/१३

संयोजक
पदपुर्ति समिति

प्रमुख प्रशासकीय अधिकृत